"सहभागिता, जवाफदेहीता र पारदर्शिताका लागि"

जिबिस उदयपुरको पहिलो चौमासिक अवधिको

सार्वजनिक सुनुवाई कार्यक्रम

२०७१/०७/२७ गाईघाट,उदयपुर

संचालन/सहजिकरण:

सुशासनका हिमायति (जीक्यू)उदयपुर

आयोजक:

जिबिस उदयपुर

जिल्ला बिकास समितिको आयोजनामा सुशासनका हिमायति (जीक्यू) उदयपुर को सहजीकरणमा जिबिस उदयपुरको पहिलो चौमासिक अवधिको सम्पन्न

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

२०७१/०७/२७

पृष्ठभुमि :

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि जारी गरिएको छ । उक्त कार्यविधि अनुसार कार्यसम्पादन मापन कार्यक्षेत्र समुह नं.४ अनुगम,मुल्याङ्कन,संचार र पारदर्शिता सुचक नं.२८ पुरा गर्न,जिबिसले **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ ।

सार्वजनिक सुनुवाई कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ तर्जुमा गरिएको छ । उक्त कार्यविधि अनुसार जिबिसले प्रत्येक चौमासिकमा **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ । सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार स्थानीय निकायले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन **एक जना सार्वजनिक सुनुवाई सहजकर्ताको** व्यवस्था गर्नुपर्नेछ । जिबिस उदयपुरले सोहि अनुरुप यस आर्थिक वर्षको पहिलो चौमासिक अवधिको सनुवाई २०७१/०७/२७ गतेका दिन जिबिसको सभाहलमा संचालन गरि सम्पन्न गरेको छ । सुशासनका हिमायति उदयपुरले सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको निम्न अनुसार प्रतिवेदन तयार गरि जिबिसमा पेस गरेको ब्यहोरा अनुरोध छ ।

सार्वजनिक सुनुवाई गर्नुको उद्देश्य :

१ संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्ने/जानकारी गराउने ।

२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।

४ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचक पुरा गर्ने ।

५ सुशासन संस्कारको बिकास गर्ने ।

कायक्रमको संक्षिप्त जानकारी :

सार्वजनिक सुनुवाइ संयोजन गर्ने : सुशासनका हिमायति त्रियुगा नगरपालिका २ गाईघाट उदयपुर

सुनुवाई गरिएका विषयवस्तुहरु:

१.क) सार्वजनिक चासोको विषय,
१.ख) पहिलो चौमासिक अवधिको विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको वारेमा नगरिकको धारणा लिने,
१.ग) जिबिस ओरपर रहेका सार्वजनिक जग्गा संरक्षण,भवन निर्माण र कंक्रिट बन्दैछ । पार्क वा अन्य काममा प्रयोग गर्नु पर्ने ,

२. वन संरक्षण,वातावरण प्रदुषण स्रोत व्यवस्थापन र कार्यक्षेत्र सम्वन्धमा ।

३. ढुंगा,गिटि,बालुवा व्यवस्थापन र सहज आपुर्ति सम्वन्धमा

४. सार्वजनिक सवारी व्यवस्थापन र सवारि दुर्घटना सम्बन्धमा

५. ब्लड बैक संचालन सम्बन्धमा

६. थुनुवा भेटघाट कक्षको निर्माण सम्बन्धमा

७. सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्नु वा पदाधिकारी तोक्नु पर्नेछ । यस सम्बन्धमा के भएको छ ।

कार्यक्रम आयोजना स्थल :– जि बि स उदयपुरको सभाहल

कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७१ कार्तिक २७ गते दिनको ११ वजे

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) ३.३०-तिन घण्टा तिस मिनेट

उपलब्धिहरु :

- जिबिस उदयपुरको सामाजिक जिम्मेवारी प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने जिबिसको दायित्वमा टेवा पुगुको छ । सेवाप्रदयक र सेवाग्राहीका बीचमा दोहोरो संवाद आपसी समझदारी र बिश्वासको वातावरणमा बिकास भएको ।

- कार्यक्रम स्थलमै सेवा ग्राहि र सेवा प्रदायकहरु बीच हाका हाकी समिक्षा भएको ।
- सेवाग्राहीहरु ९२ जना उपस्थित हुनु र १६ जनाले प्रत्यक्ष रुपमा आफ्ना सवाल राख्ने अवसर पाएको ।
- प्रमुख जिल्ला अधिकारी ज्यूले कार्यालय प्रमुखहरुको बैठकामा सेवाग्राहीहरुका सुझाबहरु लाई छलफलको बिषय बनाउने प्रतिबद्धता भएको ।
- सेवाप्रदाएकहरुले संचालन गर्ने र गर्दै रहेको कृयाकलाप र गतिविधिका बारेमा नागरिकहरुमा जानकारी र सचेतना भएको ।
- तेस्रो पक्षबाट कार्यक्रम संचालन भएकोले छलफलमा सहज र नागरिकहरुको चासो र सक्रियतामा मद्दत पुगेको ।
- सेवा प्रदायकहरुका लागि भविष्यमा गरिने कृयाकलापहरुका बारेमा निर्देश भएको ।
- न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचकहरु पुरा भएको ।
- बिकासमा नागरिकहरुको लगानी गर्ने चासो र प्रतिबद्धता नागरिकहरु बाटै ब्यक्त हुनु ।
- सुनुवाईबाट प्राप्त सुझाबहरुलाई सुधारका मार्गका रुपमा अगाडि बढाउने सेवाप्रदायकको प्रतिबद्धता ।
- माथिल्लो निकायको सहभागीतामा नागरीकले गुनासो राख्न पाउनु उनीहरुलाई कार्यक्रममा स्थलमै निर्देशन हुनु र नागरीकले पछि पनि खै खबरदारी गर्ने मौका पाउनु ।
- सुशासन अभिबृद्धि गर्ने खालका सुनुवाई जस्ता कार्यक्रमहरु नियमित गर्ने प्रतिवद्धता हुनु । नागरिकहरुको चासो र निगरानि बढ्नु ।

कार्यविधि र प्रकृया :

सार्वजनिक सुनुवाईलाई प्रभावकारि ढंगबाट सम्पादन गर्न देहायका विधिहरू प्रयोग गरीने छ ।

१ सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन, सुचना संप्रेसण मिति समय र स्थान को छनौट,हल ब्यवस्थापन तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)

२ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन प्रश्न-उत्तरको विधि र प्रकृयावाट

३ प्रतिवेदन तयारी,

सहभागिहरु : तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ९२ जनाको सहभागिता रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी,स्थानिय बिकास अधिकारी अन्य जिल्ला स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु ।
स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु
नागरिक समाजका प्रतिनिधिहरु,राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु
सरोकार राख्ने नागरिकहरु,पेशा तथा ब्यवसायिहरु
संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु
लक्षित बर्ग समुदायका प्रतिनिधिहरु,वडा नागरि मंच,टोल बिकास संस्था,सामाजिक परिचालकहरु

प्रतिवद्धता :

१ सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकिया प्रति जिबिस प्रतिवद्ध छ । यस कार्यक्रममा उठेका सवाल,गुनासा र प्रतिक्रिया तथा सल्लाह सुझाव ग्रहण गर्दै कार्यान्वयनको प्रतिवद्धता ब्यक्त गर्दछ र आगमि दिनमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने समेत प्रतिवद्धता ब्यक्त गर्दछ ।

२ सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्ने वा पदाधिकारी तोक्ने सम्बन्धमा यस सार्वजनिक सुनुवाई मार्फत सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको छ ।

३ जिबिस ओरपर रहेका सार्वजनिक जग्गा संरक्षण,भवन निर्माण र कंक्रिट बन्दैछ रोक्न,पार्क वा अन्य काममा प्रयोग गर्ने,वन,नदिनाला अर्थात प्राकृतिक स्रोत संरक्षण,वातावरण प्रदुषण स्रोत व्यवस्थापन र कार्यक्षेत्र सम्वन्धमा, ढुंगा,गिटि,बालुवा व्यवस्थापन र सहज आपुर्ति सम्वन्धम सार्वजनिक सवारी व्यवस्थापन र सवारि दुर्घटना सम्बन्धमा बजार अनुगमन र ब्यवस्थापन,ट्राफिक ब्यवस्थापन,शान्ति सुरक्षा,ब्लड बैक संचालन थुनुवा भेटघाट कक्षको निर्माण सम्बन्धमा सबैको चासो र आवश्यक्ता प्रति प्रतिवद्ध हुदै कार्यान्वयनका लागि बिषयगत छलफलको प्रकृया सम्वन्धित क्षेत्रले अगाडि बढाउने ।

सार्वजनिक सुनुवाई कार्यक्रम हलको एक दृश्य

सार्वजनिक सुनुवाई कार्यक्रममा पत्रकार महासंघका सभापति आफ्नो सवाल राख्दै

नै.स.स.हरू

सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि
प्रथम चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम

सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि
प्रथम चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
आचारसंहिता

प्रथम चौमासिक अवधिको

सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि
प्रथम चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
२०७४ कार्तिक २७ गते

प्रथम चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम

प्रथम चौमासिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
Supported by DACAW 36
Supported by DACAW 5